उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं ०४६-६९१९२७

पत्र संख्या: २०८३।८४
च.नं

प्रथम पटक प्रकाशित मिति : २०८३।०५।१६

लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगको तयारी कक्षा सञ्चालनका लागि संस्था सूचीकृत हुने सम्बन्धी सूचना !

यस उमाकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत गाउँपालिकामा स्थायी बसोबास गर्ने कक्षा १२ उत्तीर्ण युवाहरूलाई संघीय लोक सेवा आयोगले सञ्चालन गर्ने नायब सुब्बा (अप्राविधिक), बागमती प्रदेश लोक सेवा आयोगले सञ्चालन गर्ने पाँचौं तह (अप्राविधिक) तथा शिक्षक सेवा आयोगले सञ्चालन गर्ने प्राथमिक तथा निम्न माध्यमिक तहका प्रतियोगितात्मक परीक्षाको तयारीका लागि अनलाइन तयारी कक्षा सञ्चालन गर्नुपर्ने भएकाले उक्त तयारी कक्षा सञ्चालन गर्न इच्छुक योग्य तथा अनुभवी शैक्षिक संस्था/इन्स्टिच्युट/प्रशिक्षण संस्थाहरूलाई कार्ययोजनासहित सूचीकृत हुन यो सूचना प्रकाशित गरिएको छ ।

इच्छुक तथा योग्य शैक्षिक संस्था/इन्स्टिच्युट/प्रशिक्षण संस्थाहरूले देहायबमोजिमका कागजात तथा विवरणहरू संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयभित्र यस कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

- सूचीकृत हुनका लागि आवश्यक कागजातहरू:

१. संस्थाको निवेदन/आवेदन पत्र ।
२. संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
३. स्थायी लेखा नम्बर (PAN) तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. संस्थाको प्रोफाइल तथा विगतमा सञ्चालन गरेका तयारी कक्षा/तालिमसम्बन्धी अनुभवको विवरण ।
५. सूचिकृत दस्तुर रु. ५००। (पाँच सय) तिरेको रसिद ।

थप जानकारीको लागि राजश्व शाखा: ९७४४४९९९०६

२०८३।०५।१६
डावा शेर्पा
अधिकृतस्तर सातौं